म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १३७ शुक्रबार, १८ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 2 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**राष्ट्रिय झण्डाको सम्मान गरौं ।**

राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैन:
- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न ।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न ।
- व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न ।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन ।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक चिन्ह राख ।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

तेस्रो ब्याचलाई स्वागत गर्दै दोस्रो ब्याचका प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण

## जनशक्ति अभावले स्वास्थ्य क्षेत्रमा प्रगति हुन सकेन: मन्त्री थापा

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले एकवर्षे एनेस्थेसिया टेक्निसियन तालिमको तेस्रो ब्याचलाई स्वागत गर्दै दोस्रो ब्याचका प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरेको छ ।

हेटौंडा अस्पतालको सभाहलमा बिहीबार आयोजित कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापा, प्रतिष्ठानका उपकुलपति डा.प्रदीप ज्ञवालीले तालिम पुरा गरेका ५ जना प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरे भने तेस्रो ब्याचमा छनोट भएका ५ जनालाई स्वागत गरे । तेस्रो ब्याचका लागि एकैपटक १५ जनाले आवेदन दिएकोमा पाँचजना छनोट भएका हुन् । छनोट हुनेमा सिकेन्द्र कुमार यादव, पप्पु कुमार, राजेशचन्द्र शाह, कास लामातामाङ र रोशनी थिङ रहेका छन् ।

उमेशकुमार कुशवाह, अजय शाह, जितेन्द्र खत्री, मनोज विष्ट र रुपेश उपाध्यायले तालिम पुरा गरी प्रमाणपत्र प्राप्त गरेका हुन् । तालिमको पहिलो ब्याचमा चारजना, दोस्रो ब्याचमा पाँचजना र हाल तेस्रो ब्याचमा पाँचजना प्रशिक्षार्थी रहेका छन् । प्रतिष्ठानका उपकुलपति डा. ज्ञवालीले एकवर्षे एनेस्थेसिया टेक्निसियन तालिमलाई सरकारले कानुनी मान्यता दिनुपर्ने आवश्यकता औंल्याए । नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले तालिम प्राप्त जनशक्तिलाई एकेडेमिक मान्यता दिनुपर्ने बताउँदै मान्यता प्राप्त भए सातै प्रदेशमा कार्यक्रम विस्तार हुने उनको भनाइ थियो ।



एनेस्थेसिया टेक्निसियनलाई वैधानिकता नदिँदा प्रभावकारी कार्यक्रम समेत बन्द गर्नुपर्ने अवस्था आउन सक्ने भएकाले समयमै निर्णय लिनुपर्नेमा उनले जोड दिए । दुरदराजका अस्पतालमा सेवा दिनसक्ने जनशक्ति उत्पादन गर्नु प्रतिष्ठानको मुख्य लक्ष्य रहेको पनि उनले बताए ।

**जनशक्ति अभावको कारण स्वास्थ्यक्षेत्रमा अपेक्षित प्रगति हुन सकेन: मन्त्री थापा**

कार्यक्रममा मन्त्री थापाले जनशक्ति अभावको कारण स्वास्थ्य क्षेत्रमा अपेक्षित प्रगति हुन नसकेको बताएका छन् । पालिका तहमा निर्माण भएका आधारभूत अस्पतालहरु जनशक्ति र उपकरणको कमीका कारण पूर्णरुपमा सञ्चालनमा आउन नसकेको उनले बताए ।

प्रतिष्ठानबाट उत्पादन हुने जनशक्ति पालिकामा रहेका आधारभूत अस्पतालमा उपयोग हुने मन्त्री थापाको विश्वास रहेको छ । संघीयता आएपछि विकास पूर्वाधार क्षेत्रमा उल्लेख्य प्रगति भएपनि स्वास्थ्यक्षेत्रमा भने सोअनुसारको प्रगति हुन नसकेको उनको भनाइ रहेको छ । विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार कुल बजेटको १० प्रतिशत स्वास्थ्य क्षेत्रमा विनियोजन हुनुपर्ने भएपनि पर्याप्त बजेट छुट्याउन नसकिएको बताउदै मन्त्री थापाले आगामी आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरिने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री थापाले स्वास्थ्य क्षेत्रमा प्रतिष्ठानले गर्दै आएको योगदानको प्रशंसा गर्दै प्रदेश सरकारले प्रतिष्ठानको स्तरवृद्धि र व्यवस्थापनमा निरन्तर सहयोग गरिरहेको बताए । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान बागमती प्रदेशको गौरवको आयोजनाकारपमा रहेको उल्लेख गर्दै उनले प्रतिष्ठानले शैक्षिक गतिविधिसँगै स्वास्थ्य सेवामा समेत महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताए । मन्त्रालयको कुल चार अर्ब रुपैयाँ बजेटमध्ये ३७ करोड रुपैयाँ प्रतिष्ठान र हेटौंडा अस्पतालका शैक्षिक गतिविधि सञ्चालन, जनशक्ति व्यवस्थापन तथा भौतिक पूर्वाधार सुधारका लागि विनियोजन गरिएको उनको भनाई छ ।

हाल भाडाका घरमा छरिएर सञ्चालन भइरहेको प्रतिष्ठानका शैक्षिक गतिविधिलाई एउटै भवनबाट सञ्चालन गर्न प्रदेश सरकारले १२ करोड रुपैयाँको लागतमा प्रिफ्याव भवन निर्माण गर्न लागेको मन्त्री थापाले जानकारी दिए । भवन चार महिनाभित्र निर्माण सम्पन्न हुने बताइएको छ । हेटौंडा अस्पतालको नवनिर्मित भवनका लागि आवश्यक उपकरण खरिद गर्न थप १० करोड रुपैयाँ मन्त्रालयबाट विनियोजन गरिएको उनले बताए ।

स्वास्थ्य निर्देशनालयका निर्देशक नरेन्द्र झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रतिष्ठानका शिक्षाध्यक्ष दिनेशकुमार लम्साल, हेटौंडा अस्पतालका रजिष्ट्रार भीमसागर गुरागाईं, अस्पतालका निर्देशक डा. रामचन्द्र सापकोटा, नेपाल चिकित्सक संघ मकवानपुरका अध्यक्ष डा.हरिबहादुर खड्का, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको आतिथ्यता रहेको थियो ।

बालेन लक्षित मुख्यमन्त्री बानियाँको टिप्पणी:

## सिंहदरबार जलाउँछु भन्नेले लोकतान्त्रिक प्रक्रिया कमजोर बनायो



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बाँनियाले संघीय सरकारले सुरक्षाको उचित व्यवस्था नगरेसम्म तोकिएको समयमा निर्वाचन हुन कठिन हुने बताएका छन् ।

सरकारले विश्वासको वातावरण सिर्जना गर्दै जिम्मेवार भएर अघि बढ्नुपर्ने उनको भनाइ छ । सिन्धुपाल्चोकको मेलम्ची नगर पालिका वडा ९ गुफाडाँडामा आयोजित जलवायु सम्मेलन २०८२ का अवसरमा मुख्यमन्त्री बाँनियाले अफवाह फैलाउने र अराजक गतिविधि गर्ने समूहका कारण देश अनिर्णयको बन्दी बन्न पुगेको टिप्पणी गरे । उनले काठमाडौं महानगर पालिका प्रमुख बालेन्द्र साहलाई लक्षित गर्दै फैलाइएका अफवाह र सिंहदरबार जलाउनेजस्ता अभिव्यक्तिले लोकतान्त्रिक प्रक्रिया कमजोर बनाएको आरोप लगाएका छन् ।

सरकारले फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनको मिति तय गरेको भएपनि सुरक्षा चुनौती समाधान नगरी निर्वाचन सम्भव नहुने उनको भनाइ छ । मुख्यमन्त्री बाँनियाले जलवायु परिवर्तनका कारण प्राकृतिक विपत्ति बढ्दै गएको उल्लेख गर्दै यसलाई साझा चुनौतीकारुपमा लिनुपर्ने बताए । उनले मेलम्ची-गुफाडाँडा हुँदै पाँचपोखरी जाने सडक निर्माणका लागि प्रदेश सरकारले आवश्यक बजेट व्यवस्थापन गर्ने प्रतिबद्धता जनाए । विकासलाई भोटसँग तुलना गर्न नहुने बताउँदै मुख्यमन्त्री बाँनियाले भने, 'भोटसँग विकास होइन, विकाससँग भोट आफैं आउँछ ।' त्यसैले नेताहरुले आफ्नो सोच र व्यवहार सुधार्नु पर्ने आवश्यक रहेको उनको तर्क छ ।

मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङले गुफाडाँडालाई चिया बगानसहितको पर्यटकीय गन्तव्यका रुपमा विकास गरी हिमाल अवलोकन गर्न सकिने स्थल बनाउनुपर्ने बताए । उनले २०७५ मा तत्कालीन जिल्ला समन्वय समितिका प्रमुख कृष्णगोपाल तामाङको पहलमा सुरु गरिएको 'गुफाडाँडा दिवस' को निरन्तरताका रुपमा यसवर्ष पनि कार्यक्रम आयोजना गरिएको जानकारी दिए । यो दिवस तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरेकी थिइन् ।

कार्यक्रममा सहभागी जलवायु विज्ञहरुले जलवायु परिवर्तनको उतारचढावबारे गम्भीर विमर्श गर्ने समय आएको औंल्याउँदै भविष्यमा जलवायु संरक्षणका लागि साझा धारणा र एकीकृत कार्यक्रम आवश्यक रहेको बताएका छन् ।

वक्ताहरुले जलवायु परिवर्तन विश्वव्यापी विषय बनेको र नेपाल वातावरणीय मुद्दामा पक्षराष्ट्रकारुपमा सक्रिय रहेको उल्लेख गर्दै मानिसको जीवनशैली वातावरणमैत्री हुनुपर्नेमा जोड दिएका छन् । गुफाडाँडालाई विपद्को समयमा सुरक्षित स्थान र पर्यटकीय दृष्टिले सम्भावनायुक्त क्षेत्रकारुपमा विकास गर्नुपर्नेमा प्रदेश सरकारको ध्यानाकर्षण गराइएको छ ।

## १३ औं पोल्ट्री दिवसमा मामाघर नेपाललाई अण्डा र मासु सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ मकवानपुर कुखुरा व्यवसायी संघले १३ औं राष्ट्रिय पोल्ट्री दिवसको अवसरमा सडक बालबालिकाको व्यवस्थापनमा सक्रिय मामाघर नेपाल मकवानपुरलाई अण्डा र मासु सहयोग गरेको छ ।

बिहिबार आयोजित कार्यक्रममा संघका अध्यक्ष गोविन्द सापकोटा, महासचिव प्रभाकर पुडासैनीसहित संघका १० जना सदस्यको उपस्थितिमा मामाघर नेपालमा आश्रित बालबालिकाका लागि संघका सदस्यद्वारा उत्पादित अण्डा २१ क्रेट र मासु १० केजी प्रदान गरिएको हो । सहयोग हस्तान्तरण कार्यक्रम हर्षोल्लास र उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको थियो ।

स्थानीय दान, चन्दा, उपहार तथा सहयोगबाट सञ्चालन हुँदै आएको मामाघर नेपाल मकवानपुरले संघ तथा सहयोगदाता प्रति हार्दिक कृतज्ञता व्यक्त गरेको छ ।

## प्रेस स्वतन्त्रता हननका घटना बढे: पत्रकार महासंघ

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/नेपाल पत्रकार महासंघले सन् २०२५ मा नेपालमा प्रेस स्वतन्त्रता हननका घटना अघिल्लो वर्षको तुलनामा करिब तेब्बरले वृद्धि भएकोमा ध्यानाकर्षण गराएको छ ।



महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तीमा पत्रकारविरुद्धका अपराधमा दण्डहीनता, सञ्चारमाध्यमको आर्थिक अवस्था कमजोर बन्दै जानु, पत्रकारको पेसागत तथा भौतिक सुरक्षामा जोखिम बढ्नुले प्रेस स्वतन्त्रता थप चुनौतीपूर्ण बन्दै गएको उल्लेख छ । महासंघको अनुगमन अनुसार सन् २०२५ मा प्रेस स्वतन्त्रता हननका १३९ वटा घटना अभिलेख भएका छन् । त्यसमा ११८ जना पत्रकार तथा सञ्चारकर्मी र ३१ वटा सञ्चारगृह प्रत्यक्षरुपमा प्रभावित भएका छन् । दुईजना पत्रकारको मृत्यु भएको छ ।

गतवर्ष सन् २०२४ मा ६० र सन् २०२३ मा ५८ वटामात्र यस्ता घटना भएका थिए । सन् २०२४ को तथ्याङ्कसँग तुलना गर्दा सन् २०२५ मा हननका घटनामा करिब तेब्बरको हाराहारीमा वृद्धि भएको महासंघले जनाएको छ । महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संकुचन गर्ने किसिमका कानुनी प्रावधान अघि सारिएको, छापाखाना तथा प्रकाशनसम्बन्धी ऐनमा कठोर संशोधन गरिएको र फेसबुकसहित २६ वटा सामाजिक सञ्जाल बन्द गर्ने अलोकतान्त्रिक निर्णय गरिएको उल्लेख गरेको छ । भदौ २३ गते भएको जेनजी आन्दोलनका क्रममा मात्र २६ वटा प्रेस स्वतन्त्रता हननका घटना भएका थिए ।

आन्दोलन र त्यसपछिको हिंसात्मक घटनामा १०० भन्दाबढी पत्रकार तथा सञ्चारगृह प्रभावित भएका थिए । सञ्चारगृहमा आगजनी, लुटपाट र तोडफोड हुँदा करिब ६० करोड रुपैयाँ बराबरको संस्थागत क्षति र १८ करोड रुपैयाँ बराबरको निजी सम्पत्तिको क्षति भएको महासंघले जनाएको छ । पाँचजना पत्रकार गोली लागेर घाइते भएका थिए ।

त्यसैगरी आगामी फागुन २१ गतेका लागि घोषणा भएको प्रतिनिधिसभा निर्वाचनका क्रममा हुनसक्ने प्रेस स्वतन्त्रता हननप्रति सचेत रहन पत्रकार जगत् र सरोकारवालालाई आह्वान गरेको छ ।

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.को**

**१५ औं वार्षिक साधारणसभा तथा चौथो अधिवेशन सम्बन्धी सूचना**

मिति २०८२/०८/१४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाका १५ औं वार्षिक साधारणा सभा तथा चौथो अधिवेशन निम्न विषयहरुमा टलफल गरी निर्णय तथा पारित गर्न तपशिल अनुसारको निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त सभामा यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरू :**

१. साधारण सभाको वैधानीकता सम्बन्धमा ।
२. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. ०८१/८२ को लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. आर्थिक प्रतिवेदन तथा चालु आ.व. २०९२/८३ को वार्षिक अनुमानित बजेट सम्बन्धमा ।
५. लेखा समिति तथा ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा
६. आ.व. ०८२/८३ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा
७. संस्था एकीकरण सम्बन्धमा ।
८. विनियम संसोधन सम्बन्धमा ।
९. निति तथा कार्यविधि संसोधन तथा अनुमोदन सम्बन्धमा ।
१०. शेयर लाभांश र संरक्षित पूंजी फिर्ता कोष सम्बन्धमा ।
११. निष्कृय शेयर सदस्य सम्बन्धमा ।
१२. पन्ध्रौं वार्षिक साधारण सभाको माइन्युट प्रमाणित गर्नकालागि सदस्यहरुको छनौट सम्बन्धमा ।
१३. चौथो अधिवेशन सम्बन्धमा ।
१४. विविध ।

**तपशिल:**
मिति : २०८२ पुष १९ गते शनिबार
स्थान : गोरक्षेश्वर धाम, राप्ती तट, हेटौंडा-१०
समय : विहान १०:३० बजे देखि

सचिव
आशा ढकाल

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१०, राप्तीरोड

**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.को**

**१७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

*दोस्रो पटक प्रकाशित मिति : २०८२।०९।१८*

यस संस्थाको मिति २०८२।०९।०१गते बसेको कार्यसमितिको आठौं बैठकको निर्णय अनुसार संस्थाको १७ औं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णयका लागि २०८२।०९।१९ गते शनिबार बस्ने भएको हूँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभाहुने मिति, स्थान र समय :**

मिति : २०८२ साल पौष १९, गते शनिवार (तदनुसार ३ जनवरी २०२६)
स्थान : दर्शन पार्टि प्यालेस, हेटौंडा
समय : बिहान ११ बजे देखि ।

**छलफल तथा निर्णयका लागि निर्धारित प्रस्तावहरु :**

१. सचिवको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.२०८१।८२ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. लेखा समिति प्रतिवेदन सम्बन्धमा ।
४. माइन्युट प्रमाणित प्रतिनिधि चयन सम्बन्धमा ।
५. विविध ।

सचिव
देबनाथ लामिछाने

**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**

साझाकुरा

## हाम्रो कुरा

# ओझेलमा ऐतिहासिक हात्तीसार

नेपालले पहिलोपटक आयोजना गरेको 'नेपाल भ्रमण वर्ष १९९८' को सन्दर्भमा भीमफेदीको हात्तीसार तथा हौदा संग्रहालयलाई सर्वसाधारणले अवलोकन गर्न सकने गरी ब्यवस्था गरिएको थियो । नेपालको पहिलो हात्तीसार मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीमा भएको पाइन्छ । हात्ती राख्न भने सर्वप्रथम जंगबहादुर राणा प्रधानमन्त्री भएर राख्ने गरेका थिए भन्ने इतिहास भेटिनछ । जंगबहादुर वि.स.१९०३ असोज २ गते कम्माण्डर इनचिफ र १९०३ कार्त्तिक १२ गते नेपालका प्रधानमन्त्री भएका थिए । वि.स. १९०४ आषाढशुक्रपक्ष सुदीपूर्णिमा मंगलबारका दिन तत्कालीन राजा राजेन्द्रलाई वीरगञ्च पश्चिम अलौबाट पिंजडामा थुनेर अपहरण शैलीमा काठमाडौं लगियो । राजा राजेन्द्रलाई थुनेरै राखेर जंगबहादुरले राज्यशक्ति आफ्नो हातमा लिएका थिए । तीनै राण प्रमहरुले तराईमा शिकार खेल्न जाने र फर्कने समयमा भीमफेदीमा बास बस्नुपरेको समयमा हात्ती राख्न हात्तीसार बनाएका थिए । त्यही ठाउँको घेराबार गर्न लगाए र त्यही स्थान नेपालको पहिलो हात्तीसार बन्न पुगेको हो । हात्तीसारमा घर निर्माण भने चन्द्रशम्शेरको पालामा भएको थियो । तराईमा औलोउन्मुलन नभएसम्म हात्तीसार भीमफेदीमै थियो ।

पछि राप्तीदुन जग्गा विक्री वितरण कमिशनबाट फुर्केचौरदेखि पश्चिम माडीसम्म योजना बनेपश्चात टाढा भयो भनी तराईमा सारिएको थियो । प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा विदेशी पाहुनालाई हात्ती चढाएर तराईमा शिकार खेलाउने गरिएकोले तत्कालीन हात्ती चढ्ने हौदाहरु आज पनि भीमफेदीमा छ । यहाँ भएको भौतिक पूर्वाधार तथा जग्गाहरु वेवारिसे अवस्थामा हुँदा स्थानीय निकायले सदुपयोग गर्न माग गरेका छन् । बेलायती महारानी एलिजाबेथ द्वितीया र राणा प्रधानमन्त्री जंगबहादुरले शिकार खेल्न जाने क्रममा हात्ती पार्किङस्थलका रुपमा परिचित यो संग्रहालय पर्यटकको पर्खाइमा बसेको छ । हेटौंडाबाट उत्तरपूर्वमा करिब ३५ किलोमिटरको दूरीमा रहेको भीमफेदीस्थित यो संग्रहालयमा महारानी एलिजावेथले प्रयोग गरेका ४ वटा सिकारी हौदा र जंगबहादुरले प्रयोग गरेका पिँजडा सहितको हौदा राखिएको छ । मकवानपुरको भीमफेदी गाउँपालिका-६ स्थित राणाकालीन हात्तीसार संग्रहालय नेपालका प्रथम राणा प्रधानमन्त्री जंगबहादुर, श्री ५ महेन्द्र, बडामहारानी, बेलायती महारानी एलिजाबेथ द्वितीया, श्री ५ वीरेन्द्र र श्री ५ ज्ञानेन्द्रसम्मले शिकारको सिलसिलामा प्रयोग गरेको ऐतिहासिकस्थल हो । उनीहरु हात्तीमा चढेर चितवनतर्फ शिकार खेल्न जाने गर्थे । संग्रहालय भवनभित्र कुल ४२ वटा हौदाहरु रहेका छन् । बाघको सिकारका लागि प्रयोग गरिने सेतो कपडा पनि यहाँ सुरक्षित राखिएको छ । संग्रहालयमा शिकार खेल्ने व्यक्तिले हात्तीमा राखेर प्रयोग गर्ने सिकारी हौदा, शिकारीको संरक्षणमा जाने भारदारी र खानपानको व्यवस्था गर्नेहरु बस्ने सुसारेले प्रयोग गर्ने हौदाहरु छन् ।

राणाकालमा बेलायती राजारानीलगायत विदेशी पाहुना हात्तीमा बसेर शिकार खेल्नका निम्ति भीमफेदी आउने गरेको इतिहास छ । पूर्वराजपरिवारका सदस्यहरुले पनि चितवन राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष, शुक्लाफाँटा र बर्दिया राष्ट्रिय निकुञ्जमा सिकार खेल्न जाने गरेको जानकारहरु बताउँछन् । हात्तीसारमात्रै नभई त्यतिबेला तराईबाट काठमाडौं पुग्ने मुख्य बाटोसमेत यही थियो । त्रिभुवन राजपथ निर्माण हुनुभन्दा अघि भीमफेदी काठमाडौंलाई तराईसँग जोड्ने सेतुको रुपमा परिचित थियो । राणाकालमा विदेशी पाहुना हात्तीमा बसेर शिकार खेल्नको निम्ति पनि भीमफेदी नै आउँथे । विगतमा पैदलयात्रुको निम्ति बास बस्न बनाइएका पाटीपौवा र निजी भवनहरु अहिले जीर्ण छन् । २०५९ जेठमा तत्कालीन सांसद हिरण्यलाल श्रेष्ठले आधा दर्जन एक्युरियम राखेर यसलाई थप आकर्षक बनाउने प्रयास गरेका थिए, तर ती एक्युरियम अहिले प्रयोगमा छैनन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्वामित्वमा रहेको यो संग्रहालय करिब २५ रोपनी क्षेत्रफलमा फैलिएको छ । धेरै ऐतिहासिक महत्व बोकेको भएता पनि उचित प्रचारप्रसारको अभावले पर्यटकको आगमन हुन सकेको छैन । हात्तीसार संग्रहालयलाई थप ऐतिहासिक बनाउनका लागि प्रवेशद्वारमा दुईवटा हात्तिका मूर्तिका साथै ऐलिजावेथ द्वितीया र जंगबहादुरको शालिक राखिने योजना रहेको भीमफेदी गाउँपालिकाले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस १९ गते शनिबार ३ जनवरी २०२६ । चतुर्दशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५७ सूर्यास्त ५:२० । धार्मिक सांस्कृतिक पत्रकार समाज स्थापना दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आलोचनामा वृद्धि | तुला | : मान्यजनबाट विवाद |
| वृष | : यात्रामा अवरोध | वृश्चिक | : अहमपनले कार्यमा हानि |
| मिथुन | : व्यवसायमा सफलता | धनु | : शत्रु नाश |
| कर्कट | : मान हानिले खिन्नता | मकर | : परिवारमा कलह |
| सिंह | : धर्मकार्यमा खर्च | कुम्भ | : रोग नाश |
| कन्या | : न्यायिक कार्यमा सफलता | मीन | : अशुभ समाचार सुन्नुपर्ने |

# समानुपातिकको सूचीमा नसच्चिएको राजनीति



✍राजेश विद्रोही

निर्वाचन आयोगले पुस १४ गतेसम्म दलहरूलाई समानुपातिक उम्मेदवारको अन्तिम सूची बुझाउन समयसीमा तोकेको थियो । सोही समयभित्र सबै दलहरूले आ-आफ्नो सूची बुझाए । संसद् पुन:स्थापनाका लागि सर्वोच्च अदालत धाएका, चुनाव हुन नदिने भन्दै सार्वजनिक रूपमा कोकोहोलो मच्चाएका तथा निर्धारित समयमै निर्वाचन हुँदैन भनेर राजनीतिक अन्योल सिर्जना गरेका कांग्रेस, एमाले जस्ता पुराना दलहरूले समेत अन्तत: रातारात समानुपातिक सूची बुझाए ।

यसैबीच, पछिल्लो समय चर्चामा रहेका केही नयाँ दलहरूले पनि उम्मेदवारको सूची बुझाए, जुन अहिले सार्वजनिक भइसकेका छन् । नयाँ र पुराना दलहरूले बुझाएका यी समानुपातिक सूचीहरूले समाजको मथिंगल हल्लाइरहेका छन् । ती सूचीहरू हेर्दा जनताले खोजेको परिवर्तन, समावेशिता र नैतिकताको झल्को खासै देखिँदैन ।

नयाँ र पुराना दलबीच व्यवहार र सोचमा कुनै गुणात्मक भिन्नता देखिन नसक्दा विद्यमान राजनीतिक संशय झनै गहिरिएको छ । समानुपातिक निर्वाचन प्रणाली शोषित, उत्पीडित र पछाडि पारिएका वर्गको आवाज संसदसम्म पुऱ्याउने उद्देश्यले अपनाइएको थियो । तर, आज यो प्रणाली दलहरूको शक्ति सन्तुलन मिलाउने, पार्टी बैठकबाट निर्णय गरेर खुला रूपमा 'सिट' बिक्री गर्ने, नातागोता र आसेपासेलाई बाँड्ने साधनमा सीमित हुन पुगेको छ ।

यसले लक्षित वर्गमा न त हर्षको अनुभूति दिएको छ, न त विस्मातको-बरू निराशा मात्र थपेको छ । नयाँ र पुराना दुवै दलमा देखिएको यस्तो दरिद्र र दयनीय राजनीतिक मानसिकताले शासन व्यवस्थामा कुनै मौलिक बदलाव आउने संकेत देखिँदैन । किनभने, जसको सुरुआत नै गलत दिशाबाट हुन्छ, त्यसले भोलि सही गन्तव्यमा पुऱ्याउला भन्ने भरोसा गर्न सकिँदैन ।

२०६३ को अन्तरिम सरकारले व्यवस्था गरेको संसद्को संरचनामा प्रत्यक्ष ४० प्रतिशत र समानुपातिक ६० प्रतिशत उपस्थितिले शासक वर्गलाई संसद् सञ्चालन गर्न निकै सकस परेको थियो । अन्तरिम संविधानमा विभिन्न वर्ग, जाति, क्षेत्र, लिंग र समुदायको तुलनात्मक रूपमा राम्रो उपस्थिति थियो । राज्य पुनर्संरचना आयोगले ठूलो मेहनत र लगानीका साथ जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, स्वायत्त र संरक्षित क्षेत्रसहित १०+१ को संघीय संरचना, राज्य शक्ति र स्रोत-साधनको समानुपातिक बाँडफाँड जस्ता प्रस्ताव अघि सारेको थियो, जुन अहिलेको संविधानभन्दा धेरै लोकप्रिय र समावेशी थियो ।

तर कांग्रेस, एमाले, माओवादी लगायत केही शासक वर्ग-समुदाय हावी रहेका दलहरूले योजनाबद्ध रूपमा, आफूहरू नदेखिने गरी, बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा सरकार गठन गर्दै अन्तरिम संविधानको मूलमर्म नै सखाप पारे । त्यसकै परिणामस्वरूप २०७२ मा 'नक्कली' संविधान जारी भयो ।

तथापि २०७२ को संविधान र निर्वाचन ऐन, २०७३ मार्फत एक प्रकारको समानुपातिक प्रणाली संस्थागत गरियो, जसअनुसार खस-आर्य ३१.२ प्रतिशत, आदिवासी/जनजाति २८.७ प्रतिशत, मधेसी १५.३ प्रतिशत, दलित १३.८ प्रतिशत, थारु ६.६ प्रतिशत र मुस्लिम ४.४ प्रतिशत प्रतिनिधित्वको व्यवस्था गरिएको छ ।

तर, समानुपातिक सिट बाँडफाँडको व्यावहारिक अभ्यास हेर्दा सबैभन्दा पहिले खस-आर्य, त्यसपछि आदिवासी/जनजाति र त्यसपछि क्रमश: अन्य समुदायलाई प्राथमिकता दिइने प्रवृत्ति स्थापित गरिएको छ । जनसंख्याको नाममा गरिएको यस्तो कोटा निर्धारण स्वयं समानुपातिक प्रणालीको मर्मविपरीत छ र यसले प्रणालीकै ठूलो उपहास र बदनामी गरिरहेको छ ।

यससँगै अर्को गम्भीर आपत्तिको विषय महिलासम्बन्धी अनिवार्य व्यवस्था हो । कुल समानुपातिक सिटमध्ये कम्तीमा ५० प्रतिशत महिला हुनुपर्ने व्यवस्था गरिएको छ, जसमा सबै जाति/समुदायभित्र महिला र पुरुष दुवैलाई समावेश गर्न पाउने प्रावधान छ ।

व्यवहारमा प्रत्यक्ष निर्वाचनमा अधिकांश उम्मेदवार पुरुष हुने र महिलाको संख्या न्यून हुने भएकाले ५० प्रतिशत महिला सुनिश्चित गर्नुपर्ने बाध्यताले सबै जाति/समुदायबाट महिलालाई मात्र समानुपातिक सूचीमा राख्ने प्रवृत्ति बढेको छ । यस अवस्थाले समावेशी समुदायभित्रका सक्षम, अनुभवी र योग्य पुरुषहरू संसद् र सरकारसम्म पुग्नबाट वञ्चित भइरहेका छन् ।

उनीहरू नीति निर्माणको तहमा नपुग्दा ती समुदायका वास्तविक समस्या, आवश्यकता र आवाज प्रभावकारी रूपमा राज्यसम्म पुग्न सकेका छैनन् । कमजोर प्रतिनिधित्वकै कारण ती समुदाय विकासका अवसरबाट पछाडि परिरहेका छन् र ऐतिहासिक रूपमा पछाडि पारिएको अवस्था निरन्तर दोहोरिँदै गएको छ । यदि जातीय जनसंख्याको आधारमा समानुपातिक व्यवस्थालाई यसरी तोडमोड गर्ने हो भने निर्वाचन प्रणालीलाई नै पूर्ण समानुपातिक बनाइनुपर्छ ।

जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्छ र सोहीअनुसार राज्यको पुनर्संरचना गर्नुपर्छ । नभए अहिले जसरी समानुपातिक व्यवस्था बदनाम गरिँदैछ, त्यो अत्यन्त दु:खद छ । यसले समाजको पिँधमा रहेका, लामो समयदेखि शोषण र उत्पीडनको सिकार भएका वर्ग, जाति, समुदाय र क्षेत्रको अधिकार कहिल्यै राज्यका निकायसम्म पुऱ्याउन सक्दैन ।

यसरी शासक वर्ग, जाति र समुदाय नै सधैं राज्यको तहगत शासन व्यवस्थामा हाबी रहिरहने अवस्था लोकतान्त्रिक व्यवस्थाकै ठूलो उपहास हो । समानुपातिक प्रतिनिधित्व प्रणाली जनताको मतको अनुपातअनुसार संसद्मा प्रतिनिधित्व सुनिश्चित गर्ने लोकतान्त्रिक अभ्यास हो । यसको मूल उद्देश्य महिला, दलित, जनजाति, मधेसी, मुस्लिम लगायत ऐतिहासिक रूपमा राज्यसत्ताबाट वञ्चित समुदायलाई निर्णय प्रक्रियामा सहभागी गराउनु हो ।

नेपाल जस्तो बहुजातीय र विभिन्न प्रकारका असमानताले ग्रसित समाजमा यो प्रणाली आवश्यक थियो । तर आज यो व्यवस्था आफ्नो मूल उद्देश्यबाट पूर्ण रूपमा विचलित भएको छ । कागजी रूपमा समावेशिताको आकर्षक तस्बिर प्रस्तुत गरिए पनि व्यवहारमा यो प्रणाली राजनीतिक दलका शीर्ष नेताहरूको नियन्त्रणमा सीमित भएको छ । समानुपातिक सांसदको नामावली तयार गर्ने सम्पूर्ण अधिकार पार्टी नेतृत्वसँग हुँदा जनताको प्रत्यक्ष भूमिका रहँदैन । यही कारण यो प्रणाली लोकतान्त्रिकभन्दा बढी नेताकेन्द्रित बन्न पुगेको छ ।

समानुपातिक सूची तयार गर्दा योग्यता, सामाजिक योगदान र समुदायप्रतिको प्रतिबद्धता गौण बन्छन् । पार्टी अध्यक्ष, प्रभावशाली नेता वा गुटका नजिकका व्यक्ति प्राथमिकतामा पर्छन् । यसरी समानुपातिक सिट पार्टीभित्र पुरस्कार बाँड्ने माध्यम बनेको छ । नेतृत्वप्रति निष्ठावान् तर जनताप्रति उत्तरदायी नभएका 'नेपोबेबी', सेलिब्रेटी, नवधनाढ्य, कलाकार जस्ता एलिट वर्गको कब्जा बढ्दो छह नयाँ दलहरूमा त यो प्रवृत्ति झनै स्पष्ट देखिन्छ ।

यसको परिणामस्वरूप राजनीतिमा दीर्घकालीन योगदान गरेका इमानदार कार्यकर्ताहरू निरुत्साहित हुँदै पलायन भइरहेका छन् । दलित, महिला वा जनजाति कोटाबाट निर्वाचित धेरै सांसद सहरी, आर्थिक रूपमा सबल र सामाजिक रूपमा शक्तिशाली पृष्ठभूमिबाट आएका छन्, जसले समुदायको वास्तविक पीडा, संघर्ष र आवश्यकता बुझ्न असफल देखिन्छन् । यसले समानुपातिक प्रणालीलाई 'कागजी समावेशिता' मा सीमित बनाएको छ ।

यस प्रणालीमा पैसाको प्रभाव पनि स्पष्ट छ । राजनीतिक दललाई आर्थिक सहयोग गर्न सक्ने वा पार्टी संरचनामा लगानी गर्न सक्ने व्यक्ति मात्र सूचीमा पर्न सक्ने अवस्था बनेको छ । यतिसम्म कि पार्टीले नै निर्णय गरी समानुपातिकमा जानेहरूसँग मोटो रकम लिइरहेका छन् । गरिब तर योग्य, इमानदार र समुदायबाट आएका प्रतिनिधि आर्थिक असक्षमताका कारण बाहिरै रहन्छन् ।

समानुपातिक सांसदको कुनै निर्वाचन क्षेत्र नहुने भएकाले उनीहरू जनताप्रति होइन, पार्टी नेतृत्वप्रति उत्तरदायी हुन्छन् । संसद् आलोचनात्मक बहसभन्दा अनुमोदन गर्ने संस्थामा सीमित हुँदै गएको छ । यसको प्रत्यक्ष असर लोकतन्त्रमा परेको छ । जनतामा राजनीतिक प्रणालीप्रति निराशा र अविश्वास बढ्दै गएको छ । 'सबै नेता उस्तै हुन्' भन्ने धारणा गहिरिँदै गएको छ, जसले विशेष गरी युवापुस्तालाई राजनीतिबाट विमुख बनाइरहेको छ ।

समानुपातिक प्रणालीको यो विकृत अभ्यासले समावेशिताको अवधारणालाई नै बदनाम गरेको छ । समस्या प्रणालीमा होइन, यसको गलत प्रयोगमा छ । बन्द सूची प्रणाली, पार्टीभित्रको अलोकतान्त्रिक संरचना र आर्थिक प्रभाव नै भ्रष्टीकरणका मुख्य कारण हुन् । यदि समानुपातिक प्रणालीलाई बचाउन चाहने हो भने खुला सूची प्रणाली लागू गर्नु, पार्टीभित्र उम्मेदवार छनोटमा आन्तरिक निर्वाचन अनिवार्य गर्नु, समानुपातिक सांसदको भूमिका र सम्पत्ति विवरण सार्वजनिक गर्नु तथा आर्थिक लेनदेनमा कडा निगरानी गर्नु अपरिहार्य छ ।

समानुपातिक प्रणाली लोकतन्त्रको शत्रु होइन । तर, जसरी यसको प्रयोग भइरहेको छ, त्यो लोकतन्त्रकै ठूलो दुरुपयोग र अपमान हो । यदि यसलाई यसको मूल उद्देश्यअनुसार सुधार गर्न सकिएन भने समानुपातिक प्रणाली समावेशिताको साधन होइन, राजनीतिक स्वार्थको संरचना बनेर रहनेछ । लोकतन्त्रलाई बलियो बनाउन यस प्रणालीलाई पुन: जनमुखी बनाउनु आजको राजनीतिक र नैतिक अपरिहार्यता हो ।

*(साभार: अनलाइनखबर)*

# अबको निर्यात भनेकै जलविद्युत्

✍दुनबहादुर बुढाथोकी

कुनै बेला गलैँचा, तयारी पोशाक, अलैँची, चिया, कफी, अदुवा नेपालका प्रमुख निर्यातजन्य वस्तुहरु रहेकोमा अहिले त्यो स्थान जलविद्युत्ले लिएको छ । नेपालमा पेट्रोलियम पदार्थ फेला परे तापनि उत्खनन हुन सकेको छैन । उत्खनन भइहाले पनि ठूलो परिमाण उत्पादन हुन सक्नेमा शंका छ । यहाँ युरेनियम रहेको पहिचान भए तापनि उत्खनन गर्न सकिएको छैन । सुन रहेको ठोस तथ्य फेला नै परेको छैन । यसर्थ, निजी क्षेत्रको अगुवाइमा तरक्की गर्न सकिने भनेको जलविद्युत् नै हो । पछिल्लो १० वर्षमा जलविद्युत् उत्पादनले गुणात्मक फड्को मारेकाले अबको निर्यातजन्य वस्तु भनेको जलविद्युत् नै हो । परन्तु, विद्युत् ऐन १९९२ तथा जलविद्युत् विकास नीति २००१ ले निजी क्षेत्रलाई विद्युत् उत्पादनमा मात्र सीमित गरी विद्युत् व्यापारको अधिकार नेपाल विद्युत् प्राधिकरण र बुटवल पावर कम्पनीलाई मात्र सुम्पिएको छ । जसमा नेपाल विद्युत् प्राधिकरणको हिस्सा ९५ प्रतिशत र बुटवल पावर कम्पनीको हिस्सा ५ प्रतिशत रहेको छ । बुटवल पावर कम्पनीले प्यूठान, स्याङ्जा, पाल्पा र अर्घाखाँची गरी ४ जिल्लाहरुमा उपभोक्तालाई विद्युत् बिक्री गरिरहेको छ ।

भलै पछिल्लो समयमा विद्युत् उत्पादन, प्रसारण वितरण र व्यापारमा थोरबहुत उदारता अवलम्बन गर्न खोजिएको छ । सो अनुरुप सन् २०१७ मार्च ८ मा सरकारले अन्तरदेशीय विद्युत् व्यापारका लागि नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीको रुपमा ऊर्जा व्यापार कम्पनी लिमिटेड (पावर ट्रेडिङ कम्पनी लिमिटेड) स्थापना गरी विद्युत् व्यापारको अनुमतिपत्रसमेत प्रदान गरिसकेको छ । त्यस्तै, नेपाल विद्युत् प्राधिकरण, पावर ट्रान्समिसन कम्पनी लिमिटेड (ने.वि.प्रा. सहायक कम्पनी), राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड, जलविद्युत् लगानी तथा विकास कम्पनी, जलविद्युत् उत्पादन कम्पनी लिमिटेड, स्वतन्त्र ऊर्जा कम्पनीहरु नेपालको जलविद्युत् क्षेत्रमा विद्युत् उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा सम्लग्न रहेका छन् ।

नेपालले विगत १५ वर्षदेखि भारतसँग विद्युत् आदानप्रदान गरिरहेको छ । विद्युत् आदानप्रदान अहिले विद्युत् व्यापारमा रुपान्तरण भएको छ । यस सिलसिलामा सन् २०२१ मे १ मा पहिलोपटक भारतीय अनुदानमा निर्मित २४ मेगावाटको त्रिशूली जलविद्युत् आयोजना र १५ मेगावाटको देवीघाट आयोजनाबाट उत्पादित कुल ३९ मेगावाट विद्युत् डे अहेड मार्केटमा निर्यातको अनुमति प्राप्त गरेकोमा हाल भारतले ९ सय ४१ मेगावाट बराबरको निर्यात गर्ने अनुमति प्रदान गरेको छ । भारतपश्चात् नेपालको बिजुली बिक्री गर्न सकिने दोस्रो बजार बंगलादेश हो । बंगलादेशलाई सन् २०२४ नोभेम्बर १५ देखि ४० मेगावाट बराबरको विद्युत् निर्यात थालनी भइसकेको छ । भुटान, बंगलादेश, भारत र नेपालले सार्क, बिमस्टेक, बीबीआईएन (भुटान, बंगालादेश, भारत, नेपाल) जस्ता क्षेत्रीय तथा उपक्षेत्रीय मञ्चमार्फत विद्युत् व्यापार सहकार्य अगाडि बढाएको सन्दर्भमा दक्षिण-पूर्वी एसियाका म्यानमार, मलेसिया तथा सिंगापुरसम्म नेपालको विद्युत् बिक्री गर्न सकिने सम्भावना उघ्रिएको छ ।

**समस्या तथा सुझाव** :

विद्युत्को अन्तरदेशीय व्यापारको उद्देश्यका साथ स्थापित नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी, नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटेडलाई सरकारले विद्युत् व्यापार अनुमति प्रदान गरिसकेको छ । निजी क्षेत्रको स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) ले विद्युत् व्यापारमा सहभागिताको लागि नेपाल पावर एक्सेचेन्ज लिमिटेड (नेपेक्स) स्थापना गरी सरकारसँग विद्युत् व्यापारको अनुमति माग गर्दै आइरहेको छ । नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटेडलाई सरकारले विद्युत् व्यापार अनुमति दिइसकेकाले बाँकी दुई कम्पनीहरुलाई पनि अनुमति प्रदान गर्नुपर्ने नैतिक बाध्यता सरकार लाई छ । यता संसद्मा दर्ता भई छलफलको क्रममा रहेको विद्युत् विधेयक २०८० मा निजी क्षेत्रलाई विद्युत् व्यापारमा सम्लग्न गराउने प्रावधान रहेको छ । विधेयक पारितपश्चात् निजी क्षेत्रसमेत विद्युत् व्यापारमा सम्लग्न हुँदा नेपालको विद्युत् व्यापार अझ प्रतिस्पर्धी बन्नेछ ।

उता भारतले सन् २०७० सम्ममा कार्बन उत्सर्जनलाई शून्यमा ओराल्ने प्रतिबद्धता जाहेर गरिसकेको छ भने बंगालादेशले सन् २०४१ सम्ममा कुल ऊर्जा आवश्यकताको ४० प्रतिशत सफा स्रोतबाट आपूर्ति गर्ने प्रण गरिसकेको छ । भारतमा वर्षायाममा ९ सय ४१ मेगावाटको विद्युत् निर्यात हुने गरेको छ । बंगलादेशमा सन् २०२४ नोभेम्बर १५ (२०८१ कार्तिक ३०) देखि ४० मेगावाट नेपालको विद्युत्को मूल्य भारत र बंगलादेशभन्दा सस्तो पर्ने गरेको छ भने बंगालादेशर भारतमा नवीकरणीय ऊर्जाको माग अत्यधिक रहको छ ।

पछिल्लो १२-१५ वर्षयता सार्वजनिक निजी साझेदारी विधिमा सफलतापूर्वक जलविद्युत् आयोजनाहरु निर्माण सम्पन्न भइसकेका छन् भने नेपालको निजी क्षेत्र जलविद्युतमा उत्साहित भएर अघि बढिरहेको छ । त्यस्तै, पछिल्लो समयमा बर्सेनि ८ देखि १ हजार मेगावाट बराबर थप विद्युत् उत्पादन हुने गरी आयोजनाहरु निर्माण भइरहेका छन् ।वस्तुत: १० वर्षपहिले वार्षिक २० अर्बको विद्युत् आयात गर्ने नेपाल अहिले वार्षिक २० अर्ब बराबरको विद्युत् निर्यात गर्न सक्ने अवस्थामा पुगिसकेको छ । यी सबथोकका कारण नेपालको अन्दरदेशीय विद्युत् व्यापारको भविष्य उज्ज्वल रहेको दाबी गर्न सकिन्छ ।

तर विद्युत् व्यापारको एकाधिकार अहिले पनि नेपाल विद्युत् प्राधिकरणमा सीमित रहेको छ । अर्थात् निजी क्षेत्र सहभागी हुन पाउने गरी खुला पहुँच (ओपन एक्सेस) को अभाव छ । अन्तरदेशीय विद्युत् व्यापारको अहिलेसम्म ४ सय केभी क्षमताको ढल्केवर-मुजफरपुर प्रसारण लाइन मात्र निर्माण सम्पन्न भई सञ्चानमा रहेको छ । अर्थात् इनरुवा-पूर्णिया, न्यु बुटवल-गोरखपुर, लम्की-बरेलीजस्ता ४ सय केभी क्षमताको प्रसारण लाइनहरु अझै निर्माण सम्पन्न भइसकेका छैनन् । हेक्का राख्नुपर्ने कुरा भनेको भारत, भुटान र बंगलादेशले विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापारमा यसअघि नै निजी क्षेत्रलाई सहभागी गराइसकेका छन् । भारतमा विद्युत् ऐन २००३ मार्फत निजी क्षेत्रलाई ऊर्जा उत्पादन, प्रसारण, वितरण र व्यापारमा भेदभावर हित पहुँच प्रदान गरिएको हो । बंगलादेशमा ऊर्जा नियामक आयोग ऐन २००३ मार्फत निजी क्षेत्रलाई ऊर्जा उत्पादन, प्रसारण, वितरण, बजारीकरण, आपूर्ति र भण्डारणमा खुला गरिएको हो । भुटानमा विद्युत् ऐन २००१ द्वारा निजी क्षेत्रलाई विद्युत् उत्पादन, प्रसारण, वितरण र व्यापारमा सामेल गरिएको हो ।

नेपालसँग सीमा जोडिएको भारतको उत्तराखण्ड, उत्तर प्रदेश, विहार, बंगाल राज्यहरुमा करिब ४६ करोड मानिस बसोबास गरिरहेका छन् । यी राज्यका कतिपय स्थानहरुमा अझै पर्याप्त विद्युत् पुग्न सकेको छैन । यसै पनि भारतमा विद्युत् निर्यातका लागि प्रसारण लाइन निर्माणमा भौगोलिक सहजता रहेको छ । प्रस्तुत सन्दर्भमा भारतीय बजारमा यथेष्ट मात्रामा विद्युत् व्यापारका लागि ४ सय केभी प्रसारण लाइन आवश्यक पर्ने भए तापनि अहिलेसम्म नेपाल-भारतबीचको अन्तरदेशीय विद्युत् प्रसारणार्थ ४ सय केभी क्षमताको मुजफरपुर-ढल्केवरबाहेक अन्य प्रसारण लाइन तयार हुन नसकेको सन्दर्भमा राज्यले अगाडि सारेका ४ सय केभिए क्षमताका इनरुवा-पूर्णिया, लम्की-बरेली, नयाँ बुटवल-गोरखपुर प्रसारण लाइन निर्माणको कार्यलाई तीव्रता दिनुपर्दछ । विश्वमा अक्सर मुलुकहरुले विद्युत् व्यापारमा निजी क्षेत्रलाई समावेश गराएका छन् । छिमेकी भारतकै विद्युत् व्यापारका लागि सरकारी तथा निजी क्षेत्रका तीन दर्जन अधिक कम्पनीहरु सञ्चालनमा रहेका छन् । भारतले निजी कम्पनीलाई विद्युत् व्यापारमा सम्लग्न गराउँदा विद्युत् व्यापार चुस्त बनेको छ ।

परन्तु, नेपालको मौजुदा विद्युत् ऐन २०४९ ले विद्युत् व्यापार भन्ने शब्दलाई जान्दैन । अर्थात् ऐनले निजी क्षेत्रलाई विद्युत् व्यापारमा सम्लग्न गराउने कुरा कल्पना नै गरेको छैन । ऐनमा आयोजनाको अध्ययन, उत्पादन, प्रसारण र वितरणका लागि अनुमति दिने व्यवस्था छ । वस्तुत: २०४९ मा ऐन निर्माण गर्दा निजी क्षेत्रको सहभागितामा विद्युत् व्यापारको कल्पना गरिएको थिएन । नेपाल विद्युत् प्राधिकरण ऐन २०४१ मा समेत विद्युत् व्यापार भन्ने शब्द कहीं कतै उल्लेख भएको छैन । मात्र नेपाल सरकारसँग पूर्वस्वीकृति लिई विद्युत् आयात-निर्यात गर्न सकिने उल्लेख छ ।

जबकि विद्युत् व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउँदा विद्युत् व्यापार अझ प्रतिस्पर्धी बन्नुका साथै बजार खोज्नुपर्ने नेपाल विद्युत् प्राधिकरणको झन्झट कम हुन जान्छ । निजी क्षेत्र सार्वजनिक निकायको तुलनामा बढी फूर्तिलो हुने हुँदा बजार पहिल्याउने कार्य नि:सन्देह अझ प्रभावकारी बन्छ । विद्युत् व्यापार खुला गर्दा विदेशी लगानीकर्तासमेत जलविद्युत् क्षेत्रमा लगानी गर्न अझ तत्पर हुन सक्छन् । निजी क्षेत्रमा विद्युत् व्यापारको उद्देश्यका साथ सातवटा कम्पनीहरु दर्ता भई अनुमति माग गरिरहेका छन् । कम्पनी ऐनअनुसार दर्ता भएको नेपाल पावर ट्रेडिङ कम्पनीलाई सरकारले विद्युत् व्यापार अनुमतिपत्र प्रदान गरिसकेको सन्दर्भमा निजी कम्पनीहरुलाई विद्युत् व्यापार अनुमतिपत्र दिन हिचकिचाउनुहुँदैन ।

अहिले नेपाल-भारतबीच डे अहेड मार्केट, रियल टाइम मार्केट र मध्यकालीन विद्युत् व्यापार सम्झौताअन्तर्गत विद्युत् व्यापार भइरहेको छ । डे अहेड मार्केटमा नेपालले अहिले राम्रै लाभ लिइरहेको भए तापनि दीर्घकालमा यस्तो बजार जोखिमपूर्ण नहुने कुरा भुल्नुहुँदैन । यसैले, नेपाल विद्युत् प्राधिकरण र भारतीय कम्पनीबीच भएको ४ सय मेगावाट बराबरको मध्यकालीन विद्युत् सम्झौता र नेपाल-भारतबीच पछिल्लो समयमा भएको १० मेगावाट बराबरको विद्युत् निर्यातसम्बन्धी दीर्घकालीन सम्झौतालाई व्यवहारमा कार्यान्वयनमा ल्याउन विलम्ब गर्नुहुँदैन । यस्तै गरी बहुपक्षीय आर्थिक तथा प्राविधिक सहयोगको लागि बंगालको खाडीका राष्ट्रहरुको प्रयास (बिमस्टेक) स्थापना सन् १९९७ मा भएकोमा नेपाल सन् २००४ फेब्रुअरी ८ मा आबद्ध भइसकेको छ । यस हिसाबले नेपाल बिमस्टेकमा आबद्ध भएको २० वर्ष पूरा भइसकेको हो । बंगलादेश, भुटान, नेपाल, भारत, म्यानमार, थाइल्यान्ड, श्रीलंका बिमस्टेकका सदस्यका रुपमा आबद्ध रहेकाले म्यानमारदेखि थाइल्यान्डसम्म ऊर्जा व्यापार गर्न सक्ने ढोका खुलेको छ । त्याहाँसम्म विद्युत् पुऱ्याउन प्रसारण लाइनका लागि भारत तथा बंगलादेशसँग सहकार्य गरेर उक्त सम्भावना उपयोग गर्न सक्नुपर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# पर्यटक आगमन उच्च कीर्तिमानबाट चुक्यो नेपाल, २०२५ मा भित्रिए ११ लाख ५८ हजार

काठमाडौं/पर्यटक आगमनको सर्वाधिक उच्च संख्या छुनबाट नेपाल पुन: चुकेको छ । सन् २०१९ मा अहिलेसम्मकै धेरै ११ लाख ९७ हजार १ सय ९१ पर्यटकलाई स्वागत गरेको नेपाल २०२५ मा त्यो संख्या नजिक पुगेर पनि कीर्तिमान छुन चुकेको हो । नेपाल पर्यटन बोर्डले अध्यागमन विभागलाई उद्धृत गर्दै सार्वजनिक गरेको तथ्यांक अनुसार २०२५ मा कुल ११ लाख ५८ हजार ४ सय ५९ पर्यटक नेपाल भ्रमणमा आएका छन् ।



यो २०१९ को तुलनामा ३ प्रतिशत कम हो । २०२४ को तुलनामा भने ३.९ प्रतिशतले आगमन बढेको छ । गत वर्ष २०२४ मा ११ लाख ४७ हजार ५ सय ४८ पर्यटकलाई नेपालले स्वागत गरेको थियो । २०१८ मा नेपालमा पर्यटक आगमन वृद्धिदर सबैभन्दा उच्च थियो । त्यसबेला १८ प्रतिशत रहेको वृद्धिदर एसिया प्रशान्त क्षेत्रकै बढी थियो । त्यसयता भने वृद्धिदर ह्वात्तै घटेको छ । पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशीका अनसार गत सेप्टेम्बरको जेन जी आन्दोलन र त्यसलगत्तै दुई प्राकृतिक प्रकोपले पर्यटक आगमनमा असर गरेको छ । असोज र कात्तिकमा बेमौसमी वर्षाले देशैभरिको जनजीवन प्रभावित बनेको थियो ।

त्यसले दुई छिमेकी देशबाट हुने आगमनमा असर गरेको उनले बताए । यी दुई कारण नभएको भए यस वर्ष साढे १२ देखि १३ लाख पर्यटक नेपाल भित्र्याउन सकिने सम्भावना रहेको उनले बताए । यद्यपि, आन्दोलन लगत्तै जुरुक्कै उठेको पर्यटन क्षेत्रले आगामी दिनका लागि भने सकारात्मक सन्देश प्रवाह गर्न सफल भएको उनले बताए । 'जस्तोसुकै आन्दोलन भए पनि नेपाल पर्यटनकै लागि बनेको मुलुक हो, यहाँ पर्यटकलाई कुनै जोखिम हुँदैन भन्ने सन्देश तीव्र रिकभरीले दिएको छ,' उनले भने, 'यो नेपाली पर्यटनको आगामी दिनका लागि शुभ सन्देश हो ।' २०२५ डिसेम्बरमा मात्र ९८ हजार १ सय ९० पर्यटक नेपाल आएका छन् । २०२४ डिसेम्बरमा ९२ हजार ३३ आएका थिए । २०१९ डिसेम्बरमा भने १ लाख ८ सय ६६ पर्यटकलाई नेपालले स्वागत गरेको थियो ।

**सार्कबाट घट्दो ट्रेन्ड, मध्यपूर्वमा सुधार**

यस वर्षको आगमन हेर्दा सार्क मुलुकबाट नेपालमा पर्यटक आगमन घटेको छ । सार्कबाट कुल ४ लाख ८ हजार १ सय ३ पर्यटक नेपाल आए । जुन २०२४ को तुलनामा २.३ प्रतिशत कम हो । नेपालको पर्यटन बजारमा सबैभन्दा ठूलो स्रोत सार्क मुलुक नै हो । कुल आगमनको ३५.२ प्रतिशत हिस्सा यी मुलुकको छ । एसियाका अन्य देशबाट भएको आगमनमा सामान्य सुधार भएको छ । यी देशबाट कुल २ लाख ५३ हजार ३ सय ११ पर्यटक नेपाल आए । अघिल्लो वर्ष २ लाख ५२ हजार ५ सय ६७ आएका थिए ।

ओसियाना क्षेत्रबाट ५३ हजार ६ सय ९५ आएका छन् । अघिल्लो वर्ष ४८ हजार २ सय ९ आएका थिए । अमेरिकी देशबाट १ लाख ३५ हजार ५ सय ३ पर्यटक यस वर्ष आए । गत वर्ष १ लाख ३४ हजार १ सय ५ आएका थिए । त्यस्तै युरोपेली देशबाट २ लाख २१ हजार १८ पर्यटक नेपाल आएका छन् । गत वर्ष २ लाख १४ हजार ४५ आएका थिए । मध्यपूर्वबाट यस वर्ष २० हजार ५ सय ४ पर्यटक आएका छन् । गत वर्ष १६ हजार ६ सय ४८ आएका थिए । अफ्रिकी देशबाट ४ हजार ३ सय २० पर्यटक आएको तथ्यांक छ । अघिल्लो वर्ष ४ हजार ४ सय ५६ आएका थिए । अन्य क्षेत्रबाट ६२ हजार ५ जना आएका छन् । गत वर्ष यो संख्या ५९ हजार ६ सय ९२ थियो ।

**निरन्तर घट्दै भारतीय र चिनियाँ पर्यटक**

नेपालले हवाईमार्गबाट भित्रिने सबै भारतीयलाई पर्यटकका रूपमा गणना गर्छ । चिनियाँ भने स्थल र हवाई दुवै मार्गबाट आउने नागरिक पर्यटक मानिन्छन् । बोर्डका अनुसार यी दुवै देशबाट आउने पर्यटक आगमन निरन्तर घट्दो क्रममा छ । २०२५ मा भारतबाट २ लाख ९२ हजार ४ सय ३८ पर्यटक आएका छन् । यो २०२४ को तुलनामा ८ प्रतिशत कम हो । त्यसबेला ३ लाख १७ हजार ७ सय ८१ आएका थिए । कोभिडभन्दा अगाडिको तुलनामा भने भारतीयको आगमन बढिरहेको छ ।

तर, चिनियाँ पर्यटक भने कोभिड अगाडिकै अवस्थामा पनि पुग्न सकेको छैन । यस वर्ष चीनबाट ९५ हजार ४ सय ८० आए । यो २०२४ को तुलनामा ६.३ प्रतिशत कम हो । २०१९ को तुलनामा भने ४३.७ प्रतिशत कम हो । त्यसबेला १ लाख ६९ हजार ५ सय ४३ चिनियाँ पर्यटक आएको तथ्यांक छ । सार्क देशमध्ये श्रीलंकन नागरिकको आगमन सर्वाधिक २४.२ प्रतिशतले सुधार भएर ३७ हजार ५ सय ५० पुगेको छ । बंगलादेशी पर्यटक समेत १७.८ प्रतिशतले सुधार भएर ५७ हजार ५ सय ४५ पुगेको छ ।

**प्रमुख १० स्रोत बजार कुन ?**

पर्यटन बोर्डका अनुसार नेपालमा पर्यटक आउने मुख्य स्रोत बजारको पहिलो स्थानमा भारत छ । भारतबाट २ लाख ९२ हजार ४ज सय ३८ आएका छन् । अमेरिका दोस्रो स्थानमा छ । त्यहाँबाट १ लाख १२ हजार ३ सय १६ पर्यटक आएको तथ्यांक छ । चीन तेस्रो स्थानमा छ । त्यहाँबाट ९५ हजार ४ सय ८० पर्यटकलाई नेपालले स्वागत गरेको छ । बेलायत चौथो स्थानमा छ । त्यहाँबाट ५८ हजार ६ सय ८४ आएका छन् ।

त्यस्तै बंगलादेश पाँचौं स्थानमा छ । त्यहाँबाट ५७ हजार ५ सय ४५ पर्यटक आएका छन् । यसबाहेक अर्स्ट्रेलियाबाट ४९ हजार ३ सय ५७, श्रीलंका ३७ हजार ५ सय ५०, थाइल्यान्ड ३० हजार २ सय ४३, जर्मनी ३० हजार २ सय २७ र जापानबाट २४ हजार ७ सय ६३ पर्यटक आएको तथ्यांक छ ।

**टप १० देश**

भारत : २ लाख ९२ हजार ४ सय ३८
अमेरिका : १ लाख १२ हजार ३ सय १६
चीन : ९५ हजार ४ सय ८०
बेलायत : ५८ हजार ६ सय ८४
बंगलादेश : ५७ हजार ५ सय ४५
अस्ट्रेलिया : ४९ हजार ३ सय ५७
श्रीलंका : ३७ हजार ५ सय ५०
थाइल्यान्ड : ३० हजार २ सय ४३
जर्मनी : ३० हजार २ सय २७
जापान : २४ हजार ७ सय ६३

**२०२६ को योजना के ?**

पर्यटन बोर्डले २०२६ मा भने वृद्धिदर बढाउन अझ आक्रामक प्रवर्द्धनमा लाग्ने योजना बनाएको सीईओ जोशी बताउँछन् । आन्दोलनपछि गरिएका प्रयासले सकारात्मक परिणाम दिएको भन्दै उनले सोसल साइट क्याम्पेनिङ र सेलिब्रेटी तथा सञ्चारमाध्यमबाट गरिने प्रचार प्रसारको कामलाई तीव्रता दिने योजना रहेको समेत जानकारी दिए ।

बोर्डले २०२६ लाई 'आसियान पर्यटन वर्ष' समेत घोषणा गरेको छ । यो अभियान अन्तर्गत २०२६ मा आसियान क्षेत्रबाट कम्तीमा ५० प्रतिशत पर्यटक आगमन बढाउने योजना बनाइएको छ । अहिले यो क्षेत्रबाट वार्षिक १ लाख हाराहारी पर्यटक आउने गरेका छन् । जसमा थाइल्यान्ड, म्यानमार, भियतनाम, कम्बोडिया लगायत देश पर्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# मनहरी खोलामा छाडियो ५२ हजार भुरा माछा



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्र हेटौंडाले मकवानपुरको मनहरी खोलामा विभिन्न जातका ५२ हजार माछाका भुरा छाडेको छ ।

प्राकृतिक जलाशयमा जलीय विविधता संरक्षण तथा त्यसमा आश्रित समुदायको जीवन उकास्ने उद्देश्यले केन्द्रले रहु, नैनी र भ्याकुर जातका माछाका भुरा खोलामा छाडेको हो । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, ७ नम्बर वडाध्यक्ष ठाकुर तितुङ, केन्द्रका बरिष्ठ मत्स्य विकास अधिकृत बलराम आचार्यलगायतको सहभागितामा मनहरी पुल नजिकैको खोलामा माछामा भुरा छाडिएको हो ।

माछाको भुरा छाड्ने कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष कालाखेतीले गाउँपालिकामा पनि माछा मारेर जीविका चलाउने समुदाय रहेको भन्दै खोलामा माछा उत्पादन बढ्दा यस समुदायलाई सहयोग पुग्ने विश्वास व्यक्त गरे । खोलानालामा विभिन्न विद्युतीय उपकरणको प्रयोग गरी माछा मार्ने र विभिन्न केमिकलयुक्त फोहोरले गर्दा खोलानालामा माछाको संख्या घट्न पुगेको बताउदै सबै मिलेर यस्तो कार्य रोक्नुपर्ने उनले बताए ।

केन्द्रका मत्स्य विकास अधिकृत आचार्यले खोलामा माछाको भुरा छाड्दा माछा मारेर जीविकोपार्जन गर्ने समुदायलाई फाइदा पुग्नुका साथै माछा खाएर बाँच्ने जीवलाई सहजता भई जैविक विविधता कायम रहन सहयोग पुग्ने विश्वास लिएको बताए ।

# चाडपर्व लक्षित बम्पर उपहारको नतिजा सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ मोबाइल एसोसिएसन अफ नेपाल, मकवानपुरले चाडपर्व लक्षित बम्पर उपहार योजनाअन्तर्गत आयोजना गरेको नतिजा सार्वजनिक कार्यक्रम आज सम्पन्न भएको छ । हेटौंडास्थित रोयल पार्टी प्यालेसमा आयोजित कार्यक्रममा योजनाका विजेताहरू सार्वजनिक गरिएको हो ।

२०८२ साल भदौ ५ गतेदेखि पुष १६ गतेसम्म सञ्चालन गरिएको उक्त योजनाअन्तर्गत मकवानपुर जिल्लाभरका जुनसुकै मोबाइल पसलबाट मोबाइल तथा मोबाइलसम्बन्धी सामग्री खरिद गर्ने ग्राहकलाई कुपन वितरण गरी बम्पर उपहार योजनामा सहभागी गराइएको थियो । यस अवधिमा जिल्लाभरबाट २० हजारभन्दा बढी कुपन संकलन भएको आयोजकले जनाएको छ ।

कार्यक्रम मोबाइल एसोसिएसन अफ नेपाल मकवानपुरका अध्यक्ष हरिप्रसाद न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको थियो भने प्रमुख अतिथिका रूपमा नेपाल मोबाइल व्यवसाय सै बागमती प्रदेशका अध्यक्ष एसिस रिजालको उपस्थिति रहेको थियो ।

चाडपर्व लक्षित बम्पर उपहार योजनाअन्तर्गत एलईडी टिभी तर्फ कुपन नम्बर ११११८ का सरस्वती राना मगर, कुपन नम्बर ४११८ का शिवराम अर्याल तथा कुपन नम्बर ७७४१ की नीलम विश्वकर्मा विजेता भएका छन् । त्यसैगरी फ्रिज तर्फ कुपन नम्बर ११७१९ की कल्पना श्रेष्ठ र कुपन नम्बर २०३५३ की पूजा माझी विजेता बन्न सफल भए ।

बम्पर उपहारअन्तर्गत टीभीएस एनटर्क स्कुटरको विजेता कुपन नम्बर ९४२६ की अस्मिता मोक्तान (थाहा नगरपालिका-३) घोषित भए । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीसहित विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# ईपीएस विवाद समाधान गर्न उच्चस्तरीय टोली कोरिया जाने

काठमाडौं/रोजगार अनुमति प्रणाली (ईपीएस) मार्फत भाषा परीक्षा पास गरेर पनि दुई वर्षदेखि दक्षिण कोरिया जान नपाएका युवाको समस्या समाधान गर्न सरकारले पहल थालेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले आन्दोलनरत युवासँग आज छलफल गरेका छन् । कोरिया जान पाउनुपर्ने माग राख्दै दुई वर्षदेखि रोस्टर सूचीमा नपरेका युवाले ग्वार्कोस्थित ईपीएस शाखा कार्यालयमा प्रदर्शन गर्दै आएका छन् ।

मन्त्रालयमा भएको छलफलमा उनीहरूका मागका विषयमा जानकारी लिइएको थियो । छलफलमा सहभागी एक अधिकारीका अनुसार मन्त्री र श्रम मन्त्रालयका अधिकारीहरूले उनीहरूका माग सुनेका थिए । त्यसपछि मन्त्रालयमा छलफल गरेर समस्या समाधान गरिने आश्वासन मन्त्री भण्डारीले दिएका थिए ।

उनीहरूसँगको छलफल पछि मन्त्री भण्डारीले मन्त्रालयका अधिकारीहरूसँग आन्तरिक छलफल गरेका थिए । छलफलमा उनीहरूले उठान गरेका विषय समाधानका उपाय खोजिएको थियो ।

जसमा उनीहरूका माग सम्बोधन गर्न उच्चस्तरीय टोली कोरिया पठाउने, कूटनीतिक पत्र लेख्ने लगायत विषयमा छलफल भएको थियो । ती अधिकारीका अनुसार भोलि मन्त्रालयमा थप छलफल गरेर निर्णय गरिने छ । 'आजको बैठकमा उहाँहरूले कुरा राख्नुभयो, त्यसपछि छलफल गरेर खबर गर्छौं भन्ने कुरा भयो,' ती अधिकारीले भने, 'बैठक सकिएपछि मन्त्रालयको आन्तरिक बैठक बस्यो, त्यसमा विभिन्न विकल्पमा छलफल भयो, भोलि कूटनीतिक पत्र लेख्ने, उच्चस्तरीय टोली कोरिया पठाउने लगायत विषयमा छलफल भयो ।'

मन्त्रालयको आन्तरिक छलफलमा ती विकल्प अघि सारिएको र भोलि निर्णय हुने ती अधिकारीले बताए । दुई महिनाअघि समेत उनीहरूले कोरिया पठाउन ढिलाइ भएको भन्दै ईपीएस शाखामा आन्दोलन गरेका थिए । त्यो बेला श्रम मन्त्रालय र आन्दोलनरत युवाबीच सहमति भएको थियो । तर, दुई महिना बित्दासमेत सरकारले केही नगरेको भन्दै उनीहरू पुन: प्रदर्शनमा उत्रिएका हुन् ।

भाषा र सिप परीक्षा पास गरेको दुई वर्ष बित्न लाग्दा पनि कोरिया जान नपाएको भन्दै उनीहरू प्रदर्शनमा उत्रिएका थिए । भाषा परीक्षा पास गरेर कोरिया जाने प्रतीक्षामा रहेको २ वर्ष हुन लाग्दा समेत जान नपाएको भन्दै उनीहरूले सरकारमाथि आरोप लगाउँदै आएका छन् ।

सन् २०२५ का लागि १ लाख ६३ हजार जना परीक्षामा सहभागी भएकोमा १७ हजार ३० जना भाषा परीक्षामा उत्तीर्ण भएका थिए । तीमध्ये अधिकांशको अहिलेसम्म करार सम्झौता समेत नभएका कारण कोरिया जान पाएका छैनन् ।

कोरियामा कामदार पठाउन थप विज्ञापन र परीक्षा लिनुभन्दा पहिले पास गरेका कामदारलाई कोरिया पठाउनुपर्ने उनीहरूको माग छ । उनीहरूले रोस्टरको म्याद थप्नुपर्ने, आफूहरूले सेक्टर चेन्ज गरेर जान पाउनुपर्ने र आफूहरूको फाइल रोजगारदातासम्म पुऱ्याउनुपर्ने माग राख्दै आएका छन् । ती माग कोरियाली सरकारबाट मात्रै सम्बोधन गर्न सकिने ईपीएस शाखा कार्यालयकी निर्देशक बिन्दा आचार्यले बताइन् ।

सन् २००८ देखि दक्षिण कोरियाले ईपीएस प्रणालीमा अदक्ष नेपाली कामदार लैजान थालेको थियो । हाल कोरियामा १ लाखभन्दा बढी नेपाली कार्यरत छन् । कोरियाले सन् २०२४ को तुलनामा २०२५ मा बढी श्रमिक लगेको शाखाले जनाएको छ ।

२०२४ मा ९ हजार २ सय हाराहारी लगेकोमा २०२५ मा ११ हजार २ सयजति नेपाली ईपीएस मार्फत कोरिया गएको कोरिया शाखाले जनाएको छ ।

# जापानमा अब सबै म्यानपावरले कामदार पठाउन पाउने

काठमाडौं/सरकारले जापानमा प्रशिक्षार्थी कामदार पठाउने निर्देशिका खारेज गरेको छ । निर्देशिका खारेज भएसँगै सबै म्यानपावर कम्पनीले श्रमिक पठाउन पाउने बाटो खुलेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'जापानमा प्राविधिक (अभ्यासार्थी) कामदार पठाउने निर्देशिका २०६६' जारी गरेको थियो । सोही आधारमा 'जापान इन्टरनेसल ट्रेनिङ कोअपरेसन अर्गनाइजेसन' (जिट्को) मार्फत नेपाली श्रमिकलाई जापानमा काम गर्न पठाउने गरिएको थियो ।

निर्देशिका अनुसार निश्चित म्यानपावरलाई सूचीकरण गरेर उनीहरूमार्फत नै श्रमिक पठाउने गरिएको थियो । अब निर्देशिका खारेज भएसँगै सबै म्यानपावर कम्पनीहरूले अन्य देशझैं श्रमिक पठाउन पाउने भएका हुन् । निर्देशिका खारेज भएसँगै जिट्को समेत खारेज भएको छ । अब सबै म्यानपावर व्यवसायीले श्रमिक पठाउने श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जानकारी दिए ।

हाल 'टेक्निकल इन्टर्न ट्रेनिङ प्रोग्राम' (टीआईटीपी) मार्फत नेपालबाट प्रशिक्षार्थी श्रमिक गइरहेको र त्यसका लागि हालको निर्देशिका आवश्यक नरहेकाले खारेज गरिएको प्रवक्ता घिमिरेले बताए । जापानले टीआईटीपी समेत खारेज गरेर सन् २०२७ देखि 'इम्प्लोयमेन्ट फर स्किल डेभलपमेन्ट' (ईएसडी) कार्यक्रम ल्याउँदै छ । सोही ईएसडी अन्तर्गत कामदार लैजाने तयारी जापानको छ । तर, नेपालमा हालसम्म पनि जिट्को अन्तर्गत टीआईटीपी मार्फत नै कामदार पठाउने गरिएको छ ।

निर्देशिका खारेज गरेर सबै म्यानपावर व्यवसायी मार्फत कामदार पठाउन पाउने व्यवस्था गर्न व्यवसायीले माग गर्दै आएका थिए । सोही अनुसार निर्देशिका खारेज गरेर अब सबै म्यानपावर व्यवसायीले सहज कामदार पठाउन पाउने मन्त्रालयले जनाएको छ ।

यसअघि निर्देशिका अनुसार जापानमा कामदार पठाउने म्यानपावरका लागि छुट्टै सूचीकरण हुने गरेको थियो । उनीहरूको नवीकरण समेत वैदेशिक रोजगार विभागमा छुट्टै तरिकाले हुने गरेको थियो । अन्य म्यानपावर व्यवसायीको आर्थिक वर्ष सकिए लगत्तै नवीकरण गरिएको थियो । तर, जापानमा कामदार पठाउने म्यानपावर व्यवसायीहरूको भने हालसम्म हुन सकेको थिएन । जसले गर्दा म्यानपावर व्यवसायी निर्देशिका खारेजीको लबिङमा थिए ।

जापान कामदार पठाउने विषयमा निश्चित म्यानपावरको सिन्डिकेट जस्तै थियो । त्यस्तै उनीहरूलाई जिट्को अन्तर्गत लाइसेन्स नवीकरण गर्नुपर्ने हुन्थ्यो । त्यसरी कामदार पठाउने श्रमिकको 'नेपाल जाइका अल्मुनाई एसोसिएसन' (जान) मार्फत भाषा परीक्षा लिने गरिएको थियो ।

वैदेशिक रोजगार व्यवसायी संघ सचिव कुन्छादोर्जे डिम्दोङले जापानले सन् २०१७ मै खारेज गरेको जिट्को मार्फत नै नेपालबाट श्रमिक पठाउने गरिएको बताए । जिट्को खारेज गरेर टीआईटीपी लागु गरी त्यो पनि २०२७ देखि खारेज हुन लागेको तर नेपालमा भने हालसम्म जिट्को मार्फत श्रमिक पठाउने झन्झटिलो प्रक्रिया रहेको उनको भनाइ छ ।

निर्देशिका खारेज भएसँगै सबै व्यवसायीले श्रमिक पठाउन पाउने डिम्दोङको भनाइ छ । निर्देशिका खारेज गरी इजाजतपत्रवाला सम्पूर्ण व्यवसायीले कामदार पठाउन पाउने वातावरण बनाउनुपर्ने माग आफूहरूले राख्दै आएको र अहिले सुनुवाइ भएको उनले बताए । विगतमा ४ सय ८२ म्यानपावर कम्पनी जिट्कोमा सूचीकरण भए पनि जापानमा कामदार पठाउन नपाउने भएपछि धेरै म्यानपावर कम्पनीले लाइसेन्स नै नवीकरण गर्न छाडेका थिए ।

निर्देशिका खारेजीका लागि श्रम मन्त्रालयले कार्यदल नै गठन गरेको थियो । उक्त कार्यदलले दिएको सुझाव अनुसार मन्त्रिपरिषद्को ११ पुसमा बसेको बैठकले उक्त निर्देशिका खारेज गर्ने निर्णय गरेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# 'झरीपछिको इन्द्रेणी' हेर्दा 'बासुदेव' सम्झिएँ : विनोद चौधरी

काठमाडौं/उद्योगपति, फिल्म निर्माता तथा निवर्तमान सांसद विनोद चौधरीले फिल्म 'झरीपछिको इन्द्रेणी'को कथावस्तुदेखि कलाकारहरूको अभिनयको प्रशंसा गरेका छन् । बुधबार श्रीमती सारिकाको साथमा काठमाडौंको बिग मुभिज पुगेर फिल्म हेरेका उनले यसको कथावस्तुले आफूलाई आफ्नै फिल्म 'बासुदेव'को याद दिलाएको बताए ।

'यो फिल्म हेर्दा मलाई आफैंले बनाएको 'बासुदेव' सम्झना आयो । त्यसले दिएका सन्देशहरु सम्झिएँ,' उनले सञ्चारकर्मीसँग भने, 'पछिल्लो समय विदेश जाने प्रवृत्ति, विदेशमै सबैकुरा हुन्छ भन्ने मानसिकता र परिवारभित्रको कथालाई निर्देशकले राम्रोसँग प्रस्तुत गर्नुभएको छ । कलाकारहरूको अभिनय उस्तै बुलन्द छ । एकपटक सबै नेपालीले हेर्नुपर्ने फिल्म हो यो ।'

एउटा इमान्दार कर्मचारीको कथा र भ्रष्टचारीको अन्त्य कसरी हुन्छ भन्ने कुरालाई फिल्ममा सशक्त ढंगले देखाएकोमा निर्देशकको प्रशंसा गर्दै उनले फिल्ममा प्रस्तुत गरिएको जेनजी नै सही हो भन्ने सन्देश अझ व्यापक बनाउनुपर्नेमा जोड दिए । जेनजीको मुभमेन्टलाई विथोल्नेहरू धेरै जन्मिएको जिकिर गर्दै उनले त्यसबाट आफू समेत पीडित रहेको बताए । उनले फिल्म निर्माणमा आफू फेरि फर्किने समेत संकेत गरेका छन् । यसबारे उनी भन्छन्, 'म कलाप्रेमी हुँ ।

कलाप्रतिको लगावले गर्दा नै म त्यसबेला फिल्म 'बासुदेव'सँग जोडिन पुगेको थिएँ । त्यसले अझै छाडेको छैन र भविष्यमा पनि छाड्ने छैन । म त झन् कर्पोरेट र नेपाली फिल्म उद्योग मिलेर अगाडि बढ्नुपर्छ भन्ने मान्यता राख्ने मान्छे हुँ ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एकवर्षमा तीन तहका सरकारको पूँजीगत खर्च ५ खर्बमाथि

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/एकवर्ष अवधिमा तीन तहका सरकारले ५ खर्ब रुपैयाँभन्दा धेरै पूँजीगत बजेट खर्च गरेका छन् । महालेखा नियन्त्रकको कार्यालयले तयार पारेको एकीकृत वित्तीय विवरण (संघ, प्रदेश र स्थानीय सरकार) आर्थिक वर्ष २०८१/८२ अनुसार गत आव तीनवटा सरकारबाट कुल ५ खर्ब १४ अर्ब ३४ करोड रुपैयाँ बराबर पूँजीगत खर्च भएको देखिएको छ ।



यस आर्थिक वर्षमा संघीय सरकारले २ खर्ब २३ अर्ब बराबर पूँजीगत खर्च गरेको थियो । ७ वटा प्रदेश सरकारबाट कुल १ खर्ब २० अर्ब ९८ करोड बराबर पूँजीगत खर्च भएको प्रतिवेदनमा उल्लेख छ । ७ सय ६१ स्थानीय सरकारले भने कुल १ खर्ब ५१ अर्ब ६५ करोड बराबर पूँजीगत खर्च गरेका थिए । यसरी तीन तहका सरकारबाट भएको खर्चमध्ये दोहोरो खर्च घटाउँदा कुल ५ खर्ब १४ अर्ब ३४ करोड बराबर पूँजीगत बजेट खर्च तीन तहका सरकारबाट भएको देखिएको छ ।

**कुल बजेट खर्च साढे १८ खर्ब**

तथ्यांकअनुसार गत आर्थिक वर्ष तीन तहका सरकारको कुल बजेट खर्च भने १८ खर्ब ४४ अर्ब ६२ करोड बराबर थियो । संघीय सरकारले कुल १५ खर्ब १३ अर्ब खर्च गरेको थियो । जुन चालु, पूँजीगत र वित्तीय व्यवस्था तीनवटै शीर्षकमा भएको खर्च हो ।

त्यस्तै ७ प्रदेश सरकारको कुलखर्च १ खर्ब ९८ अर्ब ८० करोड बराबर थियो । ७ सय ६१ स्थानीय सरकारले कुल ४ खर्ब ३७ अर्ब ३९ करोड बराबर खर्च गरेका छन् । यसबाट दोहोरो खर्च घटाउँदा कुल १८ खर्ब ४४ अर्ब ६२ करोड कुल खर्च देखिएको महालेखाको तथ्यांक छ ।

**चालु खर्च कुन तहमा कति ?**

तीन तहका सरकारले एकवर्ष अवधिमा कुल खुद चालुखर्च (दोहोरो परेको घटाएर) ९ खर्ब ९६ अर्ब २७ करोड बराबर गरेका छन् । यसमध्ये संघीय सरकारले कुल ९ खर्ब ५६ अर्ब ५८ करोड चालु खर्च गरेको छ ।

७ प्रदेशको चालु खर्च ७७ अर्ब ८१ करोड छ । स्थानीय सरकारले गरेको चालुखर्च २ खर्ब ८५ अर्ब ३६ करोड बराबर देखिन्छ । संघीय सरकारले प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने सबै प्रकारको अनुदान चालु शीर्षकमा पठाउने गर्छ । तर, यो बजेट तल्ला सरकारले पूँजीगत तथा वित्तीय व्यवस्थामा समेत खर्च गर्ने गर्छन् । सोहीकारण चालु शीर्षकको बजेट बढी दोहोरो पर्ने गरेको पाइएको छ ।

आर्थिक वर्ष २०८१/८१ मा संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा कुल ३ खर्ब ४८ अर्ब ९४ करोड बराबर बजेट हस्तान्तरण भएको थियो । जसमध्ये प्रदेश सरकारमा ७६ अर्ब ७५ करोड र स्थानीय तहमा २ खर्ब ७२ अर्ब ६० करोड हस्तान्तरण भएको तथ्यांक छ ।

तथ्यांक अनुसार २०८०/८१ को तुलनामा तीन तहका सरकारको समग्र खर्च सामान्य सुधार भएको देखिन्छ । सोही आवमा दोहोरो परेको खर्च घटाउँदा तीन तहका सरकारको कुल खर्च १६ खर्ब ८२ अर्ब ८ करोड बराबर भएको थियो । जसमध्ये चालुखर्च ९ खर्ब ४३ अर्ब १० करोड र पूँजीगत खर्च ४ खर्ब ६६ अर्ब ३७ करोड बराबर थियो । वित्तीय व्यवस्था तर्फको खर्च २ खर्ब ७२ करोड भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

**संघीय सञ्चित कोष २ खर्ब ३६ अर्ब घाटामा**

गत आर्थिक वर्ष संघीय सञ्चित कोष २ खर्ब ३६ अर्बले घाटामा रहेको देखिएको छ । तथ्यांकअनुसार २०८१/८२ मा संघीय सञ्चित कोषमा कुल प्राप्ति १५ खर्ब ३८ अर्ब भएको थियो । कुल भुक्तानी १५ खर्ब १३ अर्ब २४ करोड बराबर थियो । विनिमय दर वा अन्य समायोजन ३ अर्ब १५ करोड बराबर भएको देखिएको छ ।

यो आवमा प्रदेश सञ्चित कोष ३६ अर्ब ६४ करोड र स्थानीय सञ्चित कोष ५४ अर्ब ७२ करोडले नाफामा थियो । समग्रमा सञ्चित कोष घाटा १ खर्ब ८ अर्ब बराबर रहेको तथ्यांक छ । त्यस्तै तीन तहका सरकारको धरौटी, विविध, कार्यसञ्चालन कोष लगायत खातामा आव अन्त्यसम्म कुल २ खर्ब १३ अर्ब १२ करोड मौज्दात छ । २०८०/८१ मा यस्तो मौज्दात १ खर्ब ७८ अर्ब ७८ करोड थियो ।

तथ्यांकअनुसार गत आव संघ, प्रदेश र स्थानीय तहका बजेटरी निकायको आन्तरिक लेखा परीक्षणबाट १० अर्ब ९१ करोड बराबर बेरुजु देखिएको छ । २०८०/८१ को तुलनामा बेरुजु कम देखिएको छ । त्यसबेला १६ अर्ब १६ करोड बराबर बेरुजु थियो ।

# मकवानपुरमा ८५ चौपाय, ६ सवारी, १० जना प्रहरी नियन्त्रणमा



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ मकवानपुर प्रहरीले तीन महिनाको अन्तरालमा अबैधरुपमा ल्याइएका ८५ वटा चौपाय (गाई गोरू) सहित ६ वटा सवारी साधन र १० जना व्यक्तिलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार जेनजी आन्दोलनपछिको तीन महिनाको अवधिमा अवैधरुपमा ओसारपसार गरिएका चौपायाको कारोबारविरुद्ध गरिएको विशेष अभियानका क्रममा ८५ वटा गाईगोरु, ६ वटा सवारी साधन र १० जना व्यक्तिलाई नियन्त्रणमा लिएको हो । प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएका टोलीले जिल्लाका विभिन्न स्थानमा सवारीसाधन रोकी नियमित तथा आकस्मिक चेकजाँच गर्ने क्रममा कानुन विपरीतरुपमा ढुवानी गरिएका गाईगोरु फेला पारेपछि संलग्न व्यक्तिलाई सवारीसाधनसहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डीएसपी पुष्कर बोगटीले जानकारी दिए ।

तीन महिनाको अवधिमा विभिन्न मितिमा जम्मा ६ वटा कार बाही गरिएको प्रवक्ता बोगटीले जानकारी दिए । प्रहरीका अनुसार २०८२ साल असोज ३० गते ७ वटा चौपाय, १ वटा सवारी साधन र ३ जना व्यक्ति नियन्त्रणमा लिइएको थियो । त्यसैगरी कात्तिक १३ गते २५ वटा चौपायसहित १ सवारी साधन र १ जना व्यक्ति, कात्तिक १९ गते २२ वटा चौपायसहित १ सवारी साधन र ३ जना व्यक्ति नियन्त्रणमा परेका थिए । यस्तै मंसिर १३ गते ५ वटा चौपायसहित १ सवारी साधन र १ जना, मंसिर १४ गते ५ वटा चौपायसहित १ सवारी साधन र १ जना तथा मंसिर १७ गते २१ वटा चौपायसहित १ सवारी साधन र १ जना व्यक्तिलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

नियन्त्रणमा लिइएका चौपाय, सवारी साधन तथा व्यक्तिलाई आवश्यक कारबाहीका लागि पशुसेवा कार्यालय हेटौडा, मकवानपुर पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उल्लेखित ६ वटा कारबाहीमध्ये ३ वटा घटनामा मुद्दा दर्ता गरिएको छ भने बाँकी घटनामा जरिवानास्वरूप कारबाही गरिएको प्रहरीको भनाइ छ । अवैधरुपमा चौपाया ओसारपसार गर्ने कार्यले पशुकल्याण, सामाजिक सद्भाव र कानुनी शासनमा नकारात्मक असर पार्ने भएकाले यस्ता गतिविधि नियन्त्रणलाई प्राथमिकतामा राखिएको प्रहरीले स्पष्ट पारेको छ ।

# चित्लाङमा राजकुलो सरसफाईमा श्रमदान



साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/उत्तरी मकवानपुरको थाहा नगरपालिका-९ स्थित चित्लाङका किसानले राजकुलो सफाईमा जनश्रमदान गरेका छन् ।

स्थानीयले करिब एक किमि राजकुलो श्रमदान गरेर सफाई गरेका हुन् । चित्लाङका नेवार समुदायले सिथि नख: पर्वका दिनमा बाजागाजासहित हरेक वर्ष राजकुलो सरसफाई गर्ने परम्परा चल्दै आएका छ । स्थानीय राजन बलामी विगतमा सिथि नख: पर्वका दिनमा मात्र राजकुलो सरसफाई गर्ने प्रचलन रहेकोमा पछिल्ला वर्षमा पुस महिनामा समेत सफाई गर्न सुरु गरिएको जानकारी दिए । उनले राजकुलो पुरिने र झाडीका कारण सिँचाईमा समस्या हुने भएपछि आलुलगायत तरकारी खेतीको समय सुरु हुनुपूर्व पुसमा पनि सफाई गर्न थालिएको बताए ।

दुई किमिभन्दा बढी लम्बाईको राजकुलोमध्ये माझगाउँका किसान ५० भन्दा बढी किसान जम्मा भएर सफाई गरिएको उनको भनाई छ । उनले माझगाउँबाट मुहानतर्फको भागमा ढलान भएकोले समस्या धेरै नरहेको भन्दै माझगाउँमा खेतीकिसानी बढी हुने भएकोले किसान आफैंले स्वत:स्फूर्त सफाई गर्दै आएको बताए । 'कम्तिमा दुईपटक राजकुलो सफाई गरिन्छ र आवश्यकता अनुसार अन्य समयमा पनि गरिन्छ' बलामीले भने । स्थानीयले राजकुलो अभियानकै रुपमा सफाइ गर्दै आएका छन् ।

राजकुलो सफाई गर्ने दिनभन्दा दुईतीन दिन घरघरमा पुगेर जग्गाधनीलाई खबर गर्ने गरिन्छ । किसानले राजकुलो सफाईको दिन भातखाजा आफैंले व्यवस्था गर्दै आएका छन् ।

सिथि नख: को दिन बाजागाजासहित राजकुलो सफाई गरिन्छ र बाजाका लागि भने स्थानीय धार्मिक समितिले खर्च बेहोर्दै आएको छ । उनले राजकुलो सफाईका लागि सिथि नख: पर्वको दिन बाहेक हरेक वर्ष पुस १५ गते गर्ने गरी तय गरिएको भन्दै समितिसँगै कोषसमेत बनाउने तयारी गरिएको बताए ।

# समस्याग्रस्त सहकारी संचालक समिति पदाधिकारीको राजीनामा स्वीकृत

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ बागमती प्रदेश सरकारले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका पदाधिकारीको राजीनामा स्वीकृत गरेको छ ।

प्रदेश सरकारको मन्त्री परिषद्को बैठकले समितिका तीनजना पदाधिकारीको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको हो । समितिका अध्यक्ष प्रभात अधिकारी तथा सदस्यद्वय यतीराज सापकोटा र यज्ञराज दाहालले यसअघि पदबाट दिएको राजीनामा स्वीकृत गरिएको प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले जानकारी दिए । बैठकले चालु आर्थिक वर्ष २०८२/८३ को सवारीसाधनको करका दस्तुर र जरिवानामा छुटदिने निर्णय गरेको छ । उनका अनुसार मन्त्रीपरिषद् बैठकले दुईवटा गठन आदेश स्वीकृत गरेको छ ।

नमोबुद्ध क्षेत्र विकास समिति गठन आदेश र त्रिभुवन पार्क सञ्चालन तथा व्यवस्थापन समिति गठन आदेश स्वीकृत गर्ने मन्त्रीपरिषद् बैठक्ले निर्णय गरेको उनले बताए । बैठकले प्रदेश विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि संशोधन गर्ने र संघीय सरकारबाट काजमा बागमती प्रदेशमा आएका राजपत्रांकित प्रथम श्रेणीका दुई जनालाई मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सचिवमा पदस्थापन गर्ने निर्णय बैठकले गरेको मन्त्री तामाङले बताए । बैठकले रामेछापको सुनपाती गाउँपालिका वडा नम्बर ४ लाई वडा विभाजन गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरेको छ ।

# राष्ट्रिय मेलमिलाप दिवसमा वीपीको प्रतिमामा माल्यापर्ण

साझाकुरा संवाददाता

हेटौंडा, १७ पुस/ हेटौंडा-११ स्थित वीपी वाटिका परिसरमा वीपीको प्रतिमामा माल्यापर्ण गरिएको छ ।

वीपी विचार समाज मकवानपुरको आयोजनामा ५० औं राष्ट्रिय एकता दिवसको अवसरमा जननेता वीपी कोइरालाको प्रतिमामा माल्यापर्ण गर्दै वीपीले ल्याएको मेलमिलाप र एकताको सन्देशबारे चर्चा गरिएको हो ।

समाजसेवी जेष्ठनागरिक वीपीका अनुयायी गोपीनाथ उप्रेतीको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष विनोदचन्द्र कोइरालाको अध्यक्षतामा कार्यक्रम भएको हो । समाजका उपाध्यक्ष प्रदीप कोइरालाले वीपीका मेलमिलापको सन्दर्भको परिचर्चा गरेका थिए ।

कार्यक्रममा विभिन्न विपीका अनुयायी, समाजका आजीवन सदस्य, स्थानीयको सहभागिता रहेको थियो । समाजले एकता दिवसकै अवसरमा वीपी विचारका बहाक: रुपान्तरणमा युवा संवाहक विषयक अन्तर विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको समाजका सचिव हरिप्रसाद पौडेलले बताए ।

नेपाली कांग्रेस जिल्ला सभापति बुद्ध लामाको प्रमुख आतिथ्यता तथा नेता आनन्दराम पराजुलीको विशेष आतिथ्यता रहेको थियो ।

प्रतियोगितामा त्रिभूवन माविका प्रिज्मा शिवाकोटी, द्वितीय जनप्रिय माविका एरिना चौलागाई, तृतीय सिद्धार्थ माविका कृतिका मगर र सान्त्वना मकवानपुर बहुमुखी क्याम्पसका प्रेरिता बखेल भएको सचिव पौडेलले बताए ।


**Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता**

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुष: १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**





"आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त"

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म: १९८५ चैत्र

स्वर्गारोहण: २०८२/०९/१७

**स्व. झुम कुमारी अर्याल**

मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका पूर्वअध्यक्ष आदरणीय रामचन्द्र अर्याल (माइकल) की ममतामयी माता **झुम कुमारी अर्याल**को मिति २०८२ पुस १७ गतेका दिन ९८ वर्षको उमेरमा निधनको खबरले मर्माहत भएका छौं। स्वर्गीय आमाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं । साथै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**अशोक शाक्य**
कार्यबाहक अध्यक्ष
क्याम्पस सञ्चालक समिति

**डा. यमबहादुर सिलवाल**
क्याम्पस प्रमुख

एवम्

**मकवानपुर बहुमुखी क्याम्पस, परिवार**
हेटौंडा-२, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना